# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः - ३,   संख्या - २   निजगढ,   बैशाख १३ गते २०७६ साल


नगर सभाबाट पारित मितिः २०७६।०१।१३

## भाग- २

# निजगढ नगरपालिका

# निजगढ नगरपालिकाको आयोजना कार्यान्वयन, अनुगमन जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

निजगढ नगरपालिको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय तहको आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने रकम लगायत स्थानीय सञ्चित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माणका कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन, योजना तथा कार्यक्रम सञ्चालन पश्चात भुक्तानी प्रकृयालाई सरल सहज बनाउन वाञ्छनीय भएकाले निजगढ नगरपालिको प्रशासकीय कार्यविधि (

नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम निजगढ नगरपालिको मिति २०७६।०१।१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम "निजगढ नगरपालिको आयोजना कार्यान्वयन, अनुगमन, जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जनाउँछ ।

(ख) "उपभोक्ता समिति" भन्नाले निजगढ नगरपालिकाबाट सञ्चालन हुने योजनाका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

ग) टोल विकास संस्था भन्नाले निजगढ नगरपालिकाको विभिन्न टोलहरुको सामुदायिक विकासका लागि स्थानीय स्तरमा गठन भई निजगढ नगरपालिकामा विधिवत दर्ता भएका टोल विकास संस्थालाई जनाउँछ ।

(घ) "सामुदायिक/गैरसरकारी संस्था" भन्नाले मुनाफारहित सामाजिक कार्य गर्ने गरी जिल्लामा दर्ता भएको संस्थालाई जनाउँछ ।

(ङ) "आन्तरिक स्रोत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गतका शीर्षकहरुबाट उठेको रकमलाई जनाउँछ ।

(च) "साझेदारी संस्था" भन्नाले निजगढ नगरपालिकासँग योजना तथा कार्यक्रम निर्माण, सञ्चालन, व्यवस्थापन संग सम्बन्धित काम गर्ने व्यक्ति, संघ संस्था वा निकायलाई जनाउँछ ।

(छ) "विषयगत निकाय" भन्नाले जिल्ला स्थित सरकारी कार्यालय र तिनका शाखा/ ईकाइहरुलाई जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको "संघीय मामिला तथा सामान्य प्रशासन" मन्त्रालयलाई जनाउँछ ।

(झ) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलापलाई जनाउँछ ।

(ञ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूपलाई जनाउँछ ।

(ट) "योजना" भन्नाले समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक नगर विकास योजना, वार्षिक नगर विकास योजना, विषयगत नगर गुरूयोजना आदिलाई जनाउँछ । साथै सोशब्दले अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजनाहरु समेतलाई बुझाउँछ ।

(ठ) "समिति" भन्नाले अनुगमन, जाँचपास तथा फरफारक सिफारिस समितिलाई जनाउँछ ।

(ड) "सदस्य" भन्नाले दफा ४ बमोजिमको समितिको संयोजक र अन्य सदस्यहरुलाई बुझाउँछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम र वजेटको परिधिभित्र रही समयमै उद्देश्यमूलक ढङ्गबाट स्रोत साधनहरुको सदुपयोग गर्ने सम्बन्धमा आयोजना तथा कार्यक्रमहरुको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्दै ती योजनाहरुको जाँचपास एवम् फरफारक समेतको काममा सहयोग गर्ने ।

## परिच्छेद - २

## योजना तथा कार्यक्रम अनुगमन, जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था

**४. योजना तथा कार्यक्रम अनुगमन, जाँचपास तथा फरफारक सिफारिस समितिः** (१) यस नगरपालिकाबाट सञ्चालित योजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, जाँचपास तथा फरफारकका लागि तपसिल बमोजिमको नगरपालिकामा एक जाँचपास तथा फरफारक सिफारिस समिति बनाइनेछ ।

तपसिल

| | |
|---|---|
| निजगढ नगरपालिकाको नगर उपप्रमुख | संयोजक |
| निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगर कार्यपालिकाबाट मनोनित १ जना महिला सहित २ जना कार्यपालिका सदस्य | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यकता अनुसार सम्बन्धित कार्यक्रम हेर्ने महाशाखा/शाखा प्रमुख, विषयगत समितिका संयोजक वा सदस्यहरु तथा अन्य प्राविधिक र विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछन् । साथै समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आमन्त्रण गरिएका सदस्यहरुलाई समेत आयोजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन तथा सुपरीवेक्षणका लागि सहयोग लिन

सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले योजना तथा कार्यक्रम सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्याङ्कन वा कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन लिने छ । अन्य कार्यक्रमहरुको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदन र सम्बन्धित महाशाखा/शाखाको सिफारिसका आधारमा बढीमा १५ (पन्ध्र) दिनभित्र आयोजनाको जाँचपास गरी फरफारक गर्न सिफारिस गर्नेछ । साथै समितिले आयोजना तथा कार्यक्रमहरुको फरफारकका लागि सिफारिस गर्नु अघि सम्बन्धित वडा कार्यालयको सिफारिस समेत लिनेछ । निर्माण व्यवसायीहरु (ठेक्का) मार्फत सञ्चालन गरिएका कामहरुको हकमा समेत सार्वजनिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । सार्वजनिक परीक्षणको प्रतिवेदन सम्बन्धित वडाको जनप्रतिनिधिको उपस्थितिमा तयार गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले जाँचपास तथा फरफारकका लागि सिफारिस गरिसके पश्चात भुक्तानी प्रकृया अगाडि बढाउने छ । यस्तो जाँचपासको सिफारिस गर्न अनुसूची १ बमोजिमको ढाँचामा कागजात निजगढ नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(६) जाँचपास तथा फरफारक भई भुक्तानी भएका योजनाहरु स्वत: उपभोक्ता समितिलाई हस्तान्तरण भएको मानिनेछ ।

(७) उपदफा (१) बमोजिमका संयोजक तथा सदस्यहरुको कार्यव्यस्तताको कारणले जाँचपास/फरफारक हुन नसकेमा नगरपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा कार्य सम्पादन गर्न सकिनेछ ।

(८) माथिको व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि रु. २ लाखसम्मको योजनाको जाँचपास र फरफारक गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा समितिको बैठक वसी भुक्तानीका लागि नगरपालिकामा सिफारिस गर्नेछ । उक्त सिफारिस प्रतिवेदन गर्न अनुसूची (२) बमोजिम कागजात पठाउनु पर्नेछ ।

**५. अनुगमन, जाँचपास तथा फरफारक सिफारिस समितिको काम, कर्तव्य र अधिकार :**

(१) अनुगमन, जाँचपास तथा फरफारक समितिको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोजना तथा कार्यक्रमको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा

आयोजनाको समेत अनुगमन गर्ने,

(२) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा नगर प्रमुख समक्ष पेश गर्नेछ। यसरी प्राप्त प्रतिवेदन माथि कार्यपालिकाको बैठकमा छलफल गर्नुपर्नेछ।

(३) निजगढ नगरपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण, मूल्याङ्कन, अनुगमन, जाँचपास तथा फरफारक कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, मूल्याङ्कन, अनुगमन, जाँचपास, फरफारक एवम् समीक्षा गर्नु पर्नेछ।

(४) समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा तिन सदस्यीय उप-समिति गठन गरी आयोजना तथा कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमन सम्बन्धी कार्यमा खटाउन सक्नेछ।

(५) योजनाको अनुगमन गर्ने क्रममा समितिले सम्बन्धित वडाको वडा अध्यक्षसँग समन्वय गरी उपभोक्ता समिति, विकास साझेदार, ठेकेदार कम्पनी वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उनीहरुको कर्तव्य हुनेछ।

(६) कुनै उपभोक्ता समिति, विकास साझेदार, ठेकेदार कम्पनी वा निकायले स्वीकृत प्रस्ताव बमोजिम योजना कार्यान्वयन नगरेमा वा नगरपालिका/फरफारक सिफारिस समिति/वडा कार्यालयले दिएको निर्देशनको पालना नगरेमा वा विवाद भएमा वा कुनै कारणवस योजना कार्यन्वयन हुन सक्दैन भन्ने लागेमा कारण जनाई योजना वा कार्यक्रम रद्द गर्न सिफारिस गर्न सक्नेछ।

(७) निजगढ नगरपालिकाले योजना तथा कार्यक्रम सञ्चालन गर्न समयसिमा उल्लेख गरेको भएमा उल्लेख भएको समय सिमाभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरेर पनि स्वीकृत कार्यतालिका बमोजिम काम नभएको पाईएमा योजनासँग सम्बन्धित उपभोक्ता वा ठेकेदार वा साझेदारलाई कारवाही गर्न समितिले सिफारिस गर्न सक्नेछ।

(८) समितिले भए गरेको कामलाई नगरेको वा नभएको र नगरे वा नभएको कामलाई भए वा गरेको भनी सिफारिस गर्ने वा मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्न सिफारिस गर्न सक्नेछ।

(९) समितिले आयोजनाहरुको अनुगमन गर्ने क्रममा देखिएका त्रुटीहरु सच्याउन, समयमै कार्य सम्पन्न गर्नका लागि थप निर्देशन दिन सक्नेछ। साथै समितिले दिएको निर्देशन पालन नभएको पाइएमा आयोजनासँग सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समिति, सहयोगी संस्था वा साझेदारहरु वा निकायलाई लिखित रुपमा जवाफ माग गर्न र कारवाहीका लागि सिफारिस समेत गर्न सक्नेछ।

(१०) योजना तथा कार्यक्रम जाँचपास तथा फरफारक सम्बन्धी कामलाई व्यवस्थित

गर्न कार्यपालिका वा नगर सभाले आवश्यक निर्देशन दिन सक्नेछ। नगर कार्यपालिका वा नगर सभाले दिएको निर्देशन र प्रचलित कानुनको विपरित नहुने गरी आफ्नो काम, कर्तव्य, अधिकार र कार्यविधि समिति आफैले निर्धारण गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद - ३
## विविध

६. **मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा उल्लेखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा कार्यसम्पादन मूल्यांकन समेतको आधारमा तोके बमोजिम निजगढ नगरपालिको योजना अनुगमन, जाँचपास तथा फरफारक समितिले मुल्याङ्न गर्नेछ ।

(२) योजना अनुगमन, जाँचपास तथा फरफारक समितिले मुल्याङ्नले तोकेको मापदण्ड बमोजिम आफ्नो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, समाजसेवी, कर्मचारी उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, गैरसरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम् कर्मचारीहरुलाई पुरस्कृत गर्न सक्नेछ ।

(३) योजना सम्झौता सम्वन्धि व्यवस्था, कार्यान्वयन सम्वन्धि प्रक्रिया साविककै हुनेछन् र यस सम्वन्धि नेपाल सरकार वा प्रदेश सरकारले कुनै थप निर्णय गरे सोही बमोजिम हुनेछ ।

७. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयका हकमा यसै बमोजिम र अन्य विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

८. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधि बमोजिम कार्य गर्दा गराउँदा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ ।

९. **बचाऊ :** यो कार्यविधि संघीय, प्रादेशिक र नगर सभाबाट पारीत अन्य कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

अनुसूची - १

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

## फरफारक समितिबाट नगरपालिकामा पेश गर्ने कागजातको ढाँचा

| क्र.सं. | कार्यक्रमको नाम | संस्थाको ठेगाना र सम्झौता गर्ने व्यक्ति | आ.व. | सम्झौता मिति | का.स. मिति | सम्झौता अनुसारको लागत रकम | स्वीकृत बजेट | न.पा.ले व्यहोर्ने | संस्थाबाट व्यहोर्ने रकम | लक्ष्य (इकाइमा लेख्ने) | सम्पन्न परिमाण (कि.म./मि. इकाईमा लेख्ने) | फरफारक रकम | भुक्तानी दिन पर्ने/ नपर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

आयोजना जाँचपास /फरफारक गर्न अनुगमनमा जाने सदस्यहरु र सिफारिशकर्ता :

**नाम र पद** **हस्ताक्षर**

१) संयोजक

२) सदस्य

३) सदस्य

४) सदस्य

५) सदस्य

अनुसूची - २

दफा ४ को उपदफा (८) सँग सम्बन्धित

## वडा समितिबाट नगरपालिकामा पेश गर्ने कागजातको ढाँचा

| क.सं. | कार्यक्रमको नाम | संस्थाको ठेगाना र सम्फौता गर्ने व्यक्ति | आ.व. | सम्फौता मिति | का.स. मिति | सम्फौता अनुसारको लागत रकम | स्वीकृत बजेट | न.पा.ले व्यहोर्ने | संस्थाबाट व्यहोर्ने रकम | लक्ष्य (इकाइमा लेख्ने) | सम्पन्न परिमाण (कि.म./मि इकाईमा लेख्ने) | फरफारक रकम | भुक्तानी दिन पर्ने/नपर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

आयोजना जाँचपास /फरफारक गर्न अनुगमनमा जाने सदस्यहरु र सिफारिशकर्ता :

**<u>नाम र पद</u>**

१) संयोजक

२) सदस्य

३) सदस्य

४) सदस्य

५) सदस्य

**हस्ताक्षर**

**आज्ञाले :**
**नाम : विशकसेन ढकाल**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**मिति : २०७६।०१।१३ गते**
**पृष्ठ संख्या : ८**
**मुल्य : रु. १०/-**